# कानूनी सचेतना तथा कानूनी साक्षरता अध्ययन प्रतिवेदन, २०७७

## नेपाल कानून आयोग

चैत २०७७

# विषय सूची


१. पृष्ठभूमि ........ १

२. कानूनी सचेतना तथा कानूनी साक्षरताको आवश्यकता ........ २

३. कानूनी सचेतना तथा कानूनी साक्षरताको विद्यमान स्थिति ........ ४

३.१ संवैधानिक तथा कानूनी व्यवस्था ........ ४

३.२ नीतिगत व्यवस्था ........ ४

३.३ संस्थागत व्यवस्था ........ ५

४. कानूनी सचेतना तथा कानूनी साक्षरता सम्बन्धी कार्यसम्पादन गर्ने निकाय ........ ५

४.१ कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय ........ ६

४.२ महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयः ........ ६

४.३ नेपाल कानून आयोग ........ ७

४.४ संवैधानिक निकाय ........ ७

४.५ अन्तर्राष्ट्रिय तथा गैरसरकारी संस्था ........ ११

५. अन्य मुलुकमा विकसित सर्वोत्तम अभ्यास ........ १३

५.१ बङ्गलादेश ........ १३

५.२ भारत ........ १४

५.३ सङ्युक्त राज्य अमेरिका ........ १५

५.४ श्रीलङ्का ........ १५

६. कानूनी सचेतना तथा कानूनी साक्षरता सम्बन्धी समस्या ........ १६

७. कानूनी सचेतना तथा कानूनी साक्षरता कार्यक्रमको लागि अपनाउनु पर्ने नीतिगत व्यवस्था. १७

७.१ नीतिगत व्यवस्था ........ १७

७.२ संस्थागत व्यवस्था ........ १८

८. कानूनी सचेतना तथा कानूनी साक्षरताको क्षेत्रमा अवलम्बन गर्नु पर्ने उपायहरु ........ २२

८.१ सहकार्य, समन्वय तथा सहभागिता ........ २२

८.२ साझेदारी ........ २३

८.३ कार्यक्रम कार्यान्वयनका पद्दति ........ २३

८.४ कार्यक्रम सञ्चालनका चरणहरू ........ २४

९. आयोगको सिफारिस ........ २८

# कानूनी सचेतना तथा कानूनी साक्षरता अध्ययन प्रतिवेदन

## १. पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामा "कानूनी राज्यको अवधारणा" मा आधरित मूल्य र मान्यता मार्गदर्शन हुने कुरा समेत उल्लेख छ। उक्त संवैधानिक प्रावधानले कानूनी राज्यको अवधारणा प्रतिको प्रतिबद्धताका लागि हरेक नागरिकलाई देशको विद्यमान कानूनी व्यवस्था, न्याय प्रणाली, कानून निर्माणको प्रक्रिया तथा नागरिक अधिकार र कर्तव्यको विषयमा जानकारी हुन पर्ने कुरामा महत्व राख्दछ। यसर्थ, यस कार्यलाई सुनिश्चित गर्ने मुख्य जिम्मेवारी विभिन्न तहका सरकारमा निहित रहने हुँदा नागरिक सचेतना र जागरुकतालाई सरकारको सक्षमता र प्रभावकारिताको सूचकका रुपमा लिने गरेको पाईन्छ।

नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० खण्ड (क) बमोजिम "नयाँ कानून बनाउने वा विद्यमान कानूनमा संशोधन गर्ने सम्बन्धमा वा कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गर्ने, गराउने" काम, कर्तव्य र अधिकार नेपाल कानून आयोगमा (यसपछि "आयोग" भनिएको) रहेको छ। यस अन्तर्गत आयोगद्वारा कानूनी सचेतना तथा कानूनी साक्षरता सम्बन्धमा विद्यमान कानूनी व्यवस्था, संस्थागत संरचना तथा अन्य देशको अभ्यासलाई अध्ययन गर्न सक्ने कार्यदेश रहेको छ।

कानूनी सचेतना भनेको कानूनको बारेमा सामान्य जानकारी हुनु हो। कानूनी सचेतना विचार र भावनाहरूको संयोजन हो जसले सार्वजनिक जीवनमा कानून र कानूनी घटनाप्रति व्यक्तिको दृष्टिकोणलाई अभिव्यक्त गर्दछ।[1] कुशल र अर्थपूर्ण कानूनी शिक्षा तथा सचेतना कार्यक्रम न्यायमा पहुँचको लागि एक आधारभूत शर्त एवम् निष्पक्ष तथा प्रभावकारी न्याय प्रणालीको आधारस्तम्भ हो।[2] अमेरिकन बार एशोसियशनले कानूनी सचेतनालाई "The ability to make critical judgments about the substance of the law, the legal process, and available legal resources and to effectively utilize the legal system and articulate strategies to improve it "[3] भनी परिभाषा गरेको पाईन्छ। त्यस्तै गरी क्यानडियन बार एशोसियशनले कानूनी साक्षरतालाई "The ability to understand words used in a legal context, to draw conclusions from them, and then to use those conclusions to take action."[4] भनी परिभाषा गरेको पाईन्छ।

---

1 Madina Kozhukhova and Miras Zhiyenbayev, Conceptualizing Legal Culture and Legal Awareness: Meaning and Structural Components.

2 Yubaraj Sangroula, Nepal Law Journal 2007, Holistic Approach to Delivery of Legal Aid Services: Beginning from Community Responsive Legal Education and Professionalism, p. 219.

3 American Bar Association, Commission on Public Understanding About the Law 1989, p. 5

4 Canadian Bar Association, Reading the Legal World: Literacy and Justice in Canada 1992, p.23.

कानूनी सचेतनाले कानूनी साक्षरतालाई प्रवर्द्धन गरी नागरिकलाई जागरुक बनाउँछ। यसले कानूनी व्यवस्था र कानूनी प्रणालीको जानकारी गराउने हुँदा नागरिकको हक हितको रक्षा गर्न तथा कर्तव्यको पालनामा टेवा पुऱ्याउँछ।कानूनी सचेतना तथा कानूनी साक्षरताले कानूनको प्रभावकारी कार्यान्वयनमा उल्लेखनीय भूमिका निर्वाह गर्दछ।

कानूनी सचेतना तथा साक्षरताले समाजका सम्पूर्ण वर्गलाई समेट्ने भए तापनि मुख्यतः आफ्नो हकहित र अधिकारको रक्षाको लागि आवाज उठाउन असक्षम तथा न्यायमा सहज पहुँच नभएका आर्थिक, सामाजिक एवम् सांस्कृतिक रुपले पिछडिएका महिला, विपन्न समुदाय तथा वर्ग, असहाय, दलित, जनजाति, निरक्षर, सिमान्तकृत तथा पिछडिएका वर्गलाई यसले केन्द्र विन्दुमा राख्न सक्नु पर्दछ।

कानूनी सचेतना तथा कानूनी साक्षरताको अभावले समुदायस्तरमा कानूनको कार्यान्वयनलाई प्रत्यक्ष असर पुऱ्याउँछ। साथै, शान्ति सुव्यवस्थालाई कायम राख्न राज्यको सीमित स्रोतसाधनमा प्रतिकूल प्रभाव पर्न सक्छ।कानूनी सचेतना तथा कानूनी साक्षरताले प्रत्यक्ष-अप्रत्यक्ष रुपमा आर्थिक, सामाजिक तथा सांस्कृतिक समुन्नतिलाई प्रभाव पार्दछ ।

कानूनी सचेतना र साक्षरता नियमित शिक्षा भन्दा विल्कुलै फरक विषय हो। त्यसैले यस विषयलाई राज्यले विशेष प्राथमिकतामा राखी निश्चित कार्ययोजना तयार गर्ने, त्यसको कार्यान्वयनलाई सुनिश्चित गर्ने, प्रभाव तथा नतिजा मूल्याङ्कनलाई अनिवार्य बनाउँदै विभिन्न प्रभावकारी तथा वैज्ञानिक पद्दतिको अवलम्बन गरी सञ्चालन गर्नु पर्ने हुन्छ।

## २. कानूनी सचेतना तथा कानूनी साक्षरताको आवश्यकता

न्यायमा पहुँचलाई सुनिश्चित गर्न कानूनी सचेतना तथा कानूनी साक्षरता अपरिहार्य हुन्छ।कानूनी सचेतना तथा कानूनी साक्षरताका माध्यमबाट कानूनमा व्यवस्था गरिएका महत्वपूर्ण, जटिल तथा नयाँ प्रावधान बारे सर्वसाधारणलाई जानकारी गराउन सकिन्छ। नागरिकलाई आफूमाथि अन्याय भएको अवस्थामा उपचारको उपलब्धताका बारेमा पर्याप्त ज्ञान भएको अवस्थामा न्यायमा पहुँचको सुनिश्चितता सम्भव हुन्छ ।

कानूनी सचेतना तथा साक्षरताले नागरिकलाई न्याय, जवाफदेहिता र पर्याप्त कानूनी उपचारको माग गर्न सक्षम बनाउँछ।यस कार्यक्रमबाट सर्वसाधारणलाई कानून पालना गर्न उत्प्रेरित गर्ने हुनाले यसले कानून पालनाको संस्कार बृद्धि गर्न मद्दत गर्दछ। नागरिकको हक अधिकारको रक्षा र पालना गर्नु पर्ने दायित्व सम्बन्धी जानकारीको बारेमा नागरिक जागरुक नभएसम्म न्यायमा पहुँच सुनिश्चित हुन नसक्ने देखिन्छ।तसर्थ, कानूनी सचेतना तथा कानूनी साक्षरताले देहायको प्रयोजन पूरा गर्दछः-

(क) सर्वसाधारणले जान्नै पर्ने कानूनको जानकारी हुने,
(ख) नागरिकलाई प्राप्त अधिकारको उपभोग गर्न सक्षम बनाउने र आफ्नो अधिकार तथा दायित्व प्रति सचेत बनाउने,
(ग) कानूनको पालना भई कार्यान्वयनमा सहजता ल्याउने,
(घ) कानूनको उल्लङ्घनमा कमी आउने,
(ङ) सार्वजनिक सरोकारका विषयलाई प्राथमिकता प्रदान गर्ने,
(च) कानूनको पालना बृद्धि भई कानून र व्यवस्था सहज हुने,
(छ) हिंसा पीडित, असमर्थ तथा हक अधिकारबाट वञ्चित वर्गको हक अधिकारको सुनिश्चितता गर्न सहज हुने,
(ज) कुशल, जनमुखी, मितव्ययी र प्रभावकारी सरकारी सेवा प्रवाह तथा सुशासनको प्रत्याभूति सहज हुने ।

कानूनी सचेतना तथा साक्षरताको आवश्यकता न्यायमा नागरिकको पहुँचमा मात्रै सिमित रहँदैन। रोमन कानूनबाट व्युत्पन्न भएको कानूनी सिद्धान्त **“Ignorantia juris non excusat (ignorance of the law is not excused) or Ignorantia Legis Neminem Excusat (ignorance of law excuses no one)** अर्थात कानूनको अज्ञानता क्षम्य हुँदैन भन्ने मान्यता रहेको हो। यस सिद्धान्त अनुसार कसैले पनि कानूनको उल्लङ्घन गरेको अवस्थामा आफूलाई कानूनी व्यवस्थाको बारेमा जानकारी नभएको वा अनभिज्ञ रहेको कुरा आफ्नो प्रतिरक्षामा प्रयोग गर्न नसकिने हुन्छ। यस मान्यताको प्रयोजन राज्यबाट निर्मित कानून सर्वसाधारणले जान्नै पर्ने, बुझ्नै पर्ने र पालना गर्नै पर्ने जिम्मेवारी सर्वसाधारणमा रहेको मान्नु पर्ने हुन्छ।

मुलुकी देवानी संहिता, २०७४ को देवानी कानूनका सामान्य सिद्धान्तको दफा ५ र मुलुकी अपराध संहिता, २०७४ को दफा ८ बमोजिम यस सिद्धान्तलाई आत्मसाथ गरेको पाईन्छ। कुनै पनि कानूनको उल्लङ्घन भएको सन्दर्भमा यो सिद्धान्तको प्रयोग हुने गरेको छ। कानूनलाई राज्यले नेपाल राजपत्रमा प्रकाशन गरेर, विद्युतीय माध्यम मार्फत वा न्यूनतम मूल्यमा उपलब्ध गराएर कानूनको उपलब्धता र पहुँचलाई सुनिश्चित गरेको छ। यसरी उपलब्ध भएका कानूनको जानकारी सर्वसाधारणले पाएको र सम्बन्धित कानून (Law in question)लाई बुझेको छ भन्ने राज्यले अनुमान गरेको हुन्छ।

यस सिद्धान्तको प्रयोग नहुने हो भने देवानी मुद्दामा वा फौजदारी अभियोग लागेको व्यक्तिले त्यसबाट सिर्जित देवानी वा फौजदारी दायित्वबाट पञ्छिन कानूनको अज्ञानता वा अनभिज्ञतालाई प्रतिरक्षाको रुपमा प्रयोग गर्न सक्ने देखिन्छ र कानूनको अज्ञानता क्षम्य नहुने यस सिद्धान्तले नागरिकहरु माझ कानूनी सचेतना तथा कानूनी साक्षरताको अपरिहार्यतालाई प्रष्ट पारेको पाईन्छ।

# ३. कानूनी सचेतना तथा कानूनी साक्षरताको विद्यमान स्थिति

## ३.१ संवैधानिक तथा कानूनी व्यवस्था

कानूनी सचेतना सम्बन्धमा कुनै प्रष्ट संवैधानिक तथा कानूनी प्रावधान नभए तापनि नेपालको संविधानको धारा २० को उपधारा (१०) मा असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क सहायता पाउने हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ। साथै, नेपालको संविधानको धारा ५२ बमोजिम मौलिक हक तथा मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने राज्यको दायित्व रहेको हुँदा कानूनी सचेतना तथा कानूनी साक्षरता मार्फत उक्त दायित्वलाई सरकारले पूरा गर्नु पर्ने अवस्था रहेको छ।

मौलिक हकको कार्यान्वयनका लागि कानूनी सहायता सम्बन्धी ऐन, २०५४ को दफा ३ को उपदफा (१) मा असमर्थ व्यक्तिले[5] यस ऐन बमोजिम कानूनी सहायता पाउने भन्ने व्यवस्था गरेको छ। त्यसको अतिरिक्त कानूनी सहायता सम्बन्धी नियमावली, २०५५ ले कानूनी सहायताको व्यवस्थालाई थप विस्तृतीकरण गरेको छ ।

## ३.२ नीतिगत व्यवस्था

एकीकृत कानूनी सहायता नीति, २०७६[6] को प्रकरण नं ३ मा "स्थानीय न्यायिक समितिसँगको समन्वय र सहकार्यमा स्थानीय तहमा कानूनी शिक्षा सचेतना तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने" उल्लेख गरेको छ।[7]

एकीकृत कानूनी सहायता नीति, २०७६ मा एक राष्ट्रिय कानूनी सहायता परिषद् रहने व्यवस्था गरेको छ। साथै, प्रत्येक प्रदेशमा प्रदेश कानूनी सहायता समिति र प्रत्येक जिल्लामा

---

5 "असमर्थ व्यक्ति" भन्नाले तोकिएको आयभन्दा कम आय भएको व्यक्ति वा लैङ्गिक हिंसा वा सशस्त्र द्वन्द्वबाट पीडित व्यक्तिलाई जनाउँछ।

6 नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट मिति २०७६।०९।१४ मा स्वीकृत भएको।

7 **<u>नीति प्रकरण नं ३ सँग सम्बन्धित</u> :-**

(९) जिल्ला कानूनी सहायता समितिले जिल्लाभित्र स्थानीय न्यायिक समितिसँग समन्वय र सहकार्य गरी कानूनी शिक्षा सचेतना, मनोसामाजिक परामर्श र अन्य आवश्यक सेवा सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्ने,

(१०) कानूनी शिक्षा सचेतना, मनोसामाजिक परामर्श र अन्य आवश्यक सेवाका लागि विश्वविद्यालयमा कानून विषय अध्ययन गर्ने विद्यार्थी, नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित मन्त्रालय वा कार्यालय, स्थानीय तहका सामाजिक परिचालक वा स्वयं सेवकहरु परिचालन गर्ने,

(११) विद्यालय तहका विद्यार्थी तथा स्थानीय समुदायलाई लक्षित गरी कानूनी शिक्षा सचेतना अभियान सञ्चालन गर्ने,

(१२) कानूनी सहायता उपलब्ध गराउनको लागि घुम्ती कानूनी सहायता शिविर सञ्चालन गर्ने।

जिल्ला कानूनी सहायता समिति रहने व्यवस्था गरेको छ। उक्त नीतिले राष्ट्रिय कानूनी सहायता परिषद्को व्यवस्था गरेको भए तापनि यस सम्बन्धमा कानूनी व्यवस्थाको अभाव रहेको देखिन्छ।

### ३.३ संस्थागत व्यवस्था

नेपालमा कानूनी सचेतना तथा कानूनी साक्षरताका क्षेत्रमा नेपाल सरकारका विभिन्न मन्त्रालय, संवैधानिक निकाय, कार्यालय, अन्तर्राष्ट्रिय संस्था तथा गैरसरकारी संस्थाहरुको सहकार्यमा विभिन्न प्रयासहरु भई यस कार्यले निरन्तरता पाईरहेको छ।

यस सन्दर्भमा कानूनी सचेतना तथा साक्षरतासँग सम्बन्धित देहाय बमोजिमको विद्यमान संस्थागत व्यवस्था रहेको पाईन्छः-

(क) कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,
(ख) महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय,
(ग) सर्वोच्च अदालत, न्यायमा पहुँच आयोग,
(घ) महान्यायाधिवक्ताको कार्यालय,
(ङ) नेपाल कानून आयोग,
(च) राष्ट्रिय मानव अधिकार आयोग,
(छ) राष्ट्रिय महिला आयोग,
(ज) राष्ट्रिय दलित आयोग,
(झ) राष्ट्रिय समावेशी आयोग,
(ञ) आदिवासी जनजाति आयोग,
(ट) मुस्लिम आयोग,
(ठ) संयुक्त राष्ट्रसंघ विकास कार्यक्रम, यु.एन.डि.पि (United Nations Development Program, UNDP),
(ड) यु.एन. वोमन (United Nations Entity for Gender Equality and the Empowerment of Women, UN WOMEN),
(ढ) केन्द्रीय कानूनी सहायता समिति तथा जिल्ला कानूनी सहायता समिति[8],
(ण) नेपाल बार एशोसिएशन।

## ४. कानूनी सचेतना तथा कानूनी साक्षरता सम्बन्धी कार्यसम्पादन गर्ने निकाय

8 मिति २०६६।५।२९ मा राजपत्रमा सूचना प्रकाशन भई बाँकी रहेका २२ जिल्लामा मिति २०६६।६।१ देखि लागू भएको।

कानूनी सचेतना तथा साक्षरताका क्षेत्रमा धेरै सरकारी निकाय, अन्तर्राष्ट्रिय तथा गैरसरकारी संघसंस्थाको प्रत्यक्ष अप्रत्यक्ष संलग्नता रहेको छ। कानूनी सचेतना तथा कानूनी साक्षरताको विषय सबै निकायको प्राथमिकतामा पर्नुलाई एक सकारात्मक सन्देशका रुपमा लिन सकिन्छ। साथै, यसलाई वैज्ञानिक ढङ्गले व्यवस्थापन गर्दै स्रोत साधनको उचित परिचालन गरेको खण्डमा अपेक्षित प्रतिफल प्राप्त गर्न सकिनेछ। यसै सन्दर्भमा हाल विभिन्न निकायद्वारा सम्पादित कार्यक्रमहरु देहाय बमोजिम रहेका छन :-

## ४.१ कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय (यस पछि "मन्त्रालय" भनिएको) अन्तर्गत निम्न उल्लिखित कार्यक्रहरू सञ्चालनमा रहेको पाइन्छः-

(१) रेडियो नेपाल तथा टेलिभिजन मार्फत कानूनी सचेतना कार्यक्रम "कानूनका कुरा" सञ्चालनमा रहेको [9],

(२) शैक्षिक संस्थाहरुमा कानूनी सचेतना कार्यक्रम,

(३) न्यायिक समितिको क्षमता अभिवृद्धि कार्यक्रम,

(४) प्रत्येक वर्षको भदौ १ गते मुलुकी संहिता दिवस मनाउने कार्यक्रम[10],

(५) "मुलुकी देवानी तथा फौजदारी संहिताका प्रमुख विशेषताहरु" नामक पुस्तक प्रकाशन र वितरण मार्फत संहिताहरूको प्रचार प्रसार।

## ४.२ महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयः

महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले महिला, बालबालिका तथा जेष्ठ नागरिकका अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि विभिन्न प्रयास गरेको पाईन्छ। महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले विभिन्न कार्यक्रमहरु मार्फत सम्बन्धित समूहको हक अधिकारको प्रवर्द्धनका लागि देहायका कार्यक्रम सञ्चालन गरेको पाईन्छः-

(१) सात प्रदेशमा लैंङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम,

(२) छाउपडी उन्मूलन सम्बन्धी सुदूरपश्चिम र कर्णाली प्रदेशमा अभियान सञ्चालन,

(३) लैंगिक हिंसा, छाउपडी, सामाजिक कुरीति न्यूनीकरणको लागि रेडियो नेपालसँग सम्झौता भई दैनिक रूपमा सूचना प्रसारण,

---

9 यस कार्यक्रमको लागि २५ लाख बजेट विनियोजित भएको र हालसम्म १० बटा "कानूनका कुरा" कार्यक्रम सञ्चालन भएको देखिन्छ।

10 परिसंवाद कार्यक्रम सञ्चालन भएको।

(४) नेपाल टेलिभिजनबाट महिला सशक्तिकरण र लैंगिक हिंसा न्यूनीकरण सम्बन्धित सवालहरू समेटेर Talk show कार्यक्रम सञ्चालन,

(५) यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकप्रति सचेतना गोष्ठी,

(६) ज्येष्ठ नागरिकहरूलाई ज्येष्ठ नागरिक सम्बन्धी सचेतना कार्यक्रम,

(७) समाजमा रहेका दाईजो, तिलक, बालविवाह, छुवाछुत र छाउपडी जस्ता कुरीति र कुप्रथा अन्त्य गर्न सचेतनामूलक सामाजिक जागरण कार्यक्रम सञ्चालन,

(८) अपांगता भएका व्याक्तिलाई सचेतनामूलक कार्यक्रम सञ्चालन,

(९) मानव वेचविखन तथा ओसारपसारको दृष्टिले संवेदनशील जिल्लाहरूमा सर्वेवाट पहिचान भएका जोखिममा रहेका तथा जोखिम उन्मुख समूह समुदायहरूको लागि सचेतना कार्यक्रम सञ्चालन ।[11]

## ४.३ नेपाल कानून आयोग

नेपाल कानून आयोगले कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरावलोकन गर्ने एवम् कानून तथा न्याय सम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्दै आएको छ। यसै सन्दर्भमा आयोगले कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय तथा विभिन्न संघ संस्थाहरुसँगको सहकार्य र समन्वयमा कानूनी सचेतना तथा कानूनी साक्षरताका विभिन्न कार्यक्रमहरु सञ्चाल गर्दै आएको छ। हाल आयोगले कानूनमा व्यवस्था गरिएका महत्वपूर्ण, जटिल तथा नयाँ प्रावधानको जानकारी सर्वसाधारणलाई प्रदान गर्न "नयाँ तथा महत्वपूर्ण कानून तथा अन्तरनिहित प्रावधानहरुको वारेमा जानकारी प्रदान तथा प्रचारप्रसार गर्ने Legal Dissemination कार्यक्रम" सञ्चालन गर्दै आएको छ।

## ४.४ संवैधानिक निकाय

### ४.४.१ सर्वोच्च अदालत, न्यायमा पहुँच आयोग

सर्वोच्च अदालत नियमावली, २०४९ को नियम १३(ङ) बमोजिम सम्माननीय प्रधान न्यायाधीशको अध्यक्षतामा मिति २०७२।४।१० मा न्यायमा पहुँच आयोग गठन भएको पाईन्छ। सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १२० (१) मा प्रधान न्यायाधीशले ऐन नियम पुनरावलोकन, बाल न्याय, न्यायमा पहुँच, कानूनी शिक्षा जस्ता विषयहरूमा आवश्यकता अनुसार विषयगत समिति वा कार्यदल वा सो सरहका आयोग गठन गर्न सक्ने व्यवस्था भए बमोजिम न्यायमा पहुँच आयोग पुनर्गठन भई सर्वोच्च अदालतमा न्यायमा पहुँच आयोग रहेको पाईन्छ।[12]

---

11 महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदन।

12 हाम्रो बारेमा, न्यायमा पहुँच आयोग, Accessed on 07\04\2021, http://supremecourt.gov.np/a2jc/Page/about.

न्यायमा पहुँच आयोगमा न्याय प्रदायक निकायका पदाधिकारीहरुका साथै लक्षित वर्गका व्यक्तिहरु समेतको प्रतिनिधित्व रहने गरी अध्यक्ष सहित अठार जना सदस्यहरू रहेका छन्। यसले लक्षित बर्गको न्यायमा पहुँच अभिवृद्धि गर्ने सन्दर्भमा आवश्यक नीति एवं संरचना निर्माणको लागि समेत समन्वयात्मक भूमिका खेल्दछ। न्यायमा पहुँच आयोगले कानूनी सचेतना तथा कानूनी साक्षरताको प्रवर्द्धनार्थ देहायका कार्यहरु गर्दै आएको पाईन्छः-

(१) महिला, विपन्न, असहाय र असक्षम बर्गका व्यक्तिहरूलाई समाजको समान सदस्यको रुपमा तिनीहरूलाई प्राप्त हक अधिकारबारे सचेतना कार्यक्रम सञ्चालन गर्ने,

(२) देहायका विषयलाई समेटेर विभिन्न समूहलाई लक्षित गरी जानकारी पुस्तिकाको प्रकाशन गरिएको छः-

(क) थुनुवा एवम् कैदीको अधिकार,
(ख) असमर्थ पक्ष तथा आर्थिक रुपले विपन्न नागरिकको अधिकार,
(ग) जेष्ठ नागरिकको अधिकार,
(घ) आदिवासी / जनजातिको अधिकार,
(ङ) फौजदारी मुद्दामा महिलाको अधिकार,
(च) अपाङ्गता भएका व्यक्तिको अधिकार,
(छ) न्यायमा पहुँच अभिवृद्धिका लागि अदालतको क्रियाकलाप,
(ज) बालबालिकाको अधिकार,
(झ) छुवाछुत तथा भेदभाव विरुद्धको अधिकार,
(ञ) महिलाको पारिवारिक तथा सम्पत्ति सम्बन्धी अधिकार,
(ट) देवानी कार्यविधि,
(ठ) फौजदारी कार्यविधि सम्बन्धी जानकारी पुस्तिका।

४.४.२ **महान्यायाधिवक्ताको कार्यालयः**

कानूनी सहायता सम्बन्धी ऐन, २०५४ को दफा ६ ले केन्द्रीय कानूनी सहायता समितिमा महान्यायाधिवक्ता पदेन सदस्य रहने व्यवस्था गरेको छ। असमर्थ पक्षको तर्फबाट कानूनी सहायता सम्बन्धी व्यवस्था गर्ने कार्यमा महान्यायाधिवक्ताको समेत महत्वपूर्ण भूमिका रहने व्यवस्था छ।

न्यायमा पहुँच, कानूनी सहायता तथा कानूनको प्रचारप्रसार लगायतका कार्यमा महान्यायधिवक्ताको कार्यालय सक्रिय रहेको पाईन्छ। महान्यायाधिवक्ताको कार्यालयले

गरेका देहायका कार्यहरुले कानूनी सचेतना तथा कानूनी साक्षरतालाई प्रवर्द्धन गरेको पाईन्छः-

(१) समुदायमा सरकारी वकील कार्यक्रम सञ्चालन,[13]
(२) जातिय विभेद, महिला हिंसा, छाउपडी प्रथा लगायतका सामाजिक कुरीतिका विरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन,
(३) रेडियो/ टेलिभिजन मार्फत सन्देशमूलक सूचना सम्प्रेषण,
(४) विभिन्न सन्देश, पुस्तक सामग्री, ब्रोसर आदिको प्रकाशन तथा वितरण ।

### ४.४.३ राष्ट्रिय मानव अधिकार आयोग

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको संरक्षण तथा प्रवर्द्धनका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएको छ। राष्ट्रिय मानव अधिकार आयोगले देहायका कार्यक्रम सञ्चालन गरेको पाईन्छः-

(१) रेडियोबाट सचेतनामूलक कार्यक्रमको ( सिमान्तकृतको आवाज ) प्रशारण,
(२) रेडियो, टेलिभिजन मार्फत सन्देशमूलक लोक कल्याणकारी विज्ञापन,
(३) मानव अधिकार सम्बन्धी महत्वपूर्ण निर्णयहरूको प्रकाशन,
(४) कानूनी परामर्श प्रदान,
(५) मानव अधिकारका विषयमा सूचना तथा शिक्षामूलक सामग्रीको निर्माण र वितरण,
(६) तालिम, गोष्ठी, अन्तरक्रियाका माध्यमबाट मानव अधिकार शिक्षा प्रवर्द्धन,
(७) हिंसा पीडित महिला, किशोरी र बालबालिकाहरुलाई कानूनी परामर्श र कानूनी सहायता प्रदान,
(८) हिंसा पीडितहरुको उजुरीको सुनुवाईको लागि चौबीस घण्टे Help Line सेवा ११४५ को सुरुवात,

---

13 प्रहरीसँगको समन्वयमा प्रत्येक स्थानीय तहमा कम्तीमा एक वटा समुदायमा सरकारी वकील कार्यक्रम सञ्चालन गरी सरकार वादी मुद्दाको कारबाही प्रक्रिया एवम् विद्यमान कानूनी व्यवस्थाको प्रचार प्रसार गर्नुका साथै कानूनको कार्यान्वयन र अपराध रोकथाममा समुदायको भूमिकाका बारेमा जानकारी गराउन कार्यक्रम सञ्चालन गरेको देखिन्छ।

(९) हिंसा पीडित महिला, किशोरी र बालबालिकाहरुलाई मनोसामाजिक परामर्श प्रदान।

### ४.४.४ राष्ट्रिय महिला आयोग

राष्ट्रिय महिला आयोगले किशोरी तथा महिलाहरुको सचेतना तथा सशक्तिकरणका लागि विभिन्न गैरसरकारी संघ संस्थाहरुसँगको सहकार्यमा कानूनी सचेतना कार्यक्रम सञ्चालन गर्दै आएको छ। उक्त कार्यक्रमहरुमध्ये कानूनी सचेतना तथा कानूनी साक्षरतामा केन्द्रित कार्यक्रमहरु देहाय बमोजिम रहेका छन् :-

(१) अति सीमान्तकृत लोपन्मुख जातिका महिलाहरुलाई महिला अधिकार तथा कानूनी साक्षरता सम्बन्धी सचेतनामूलक अन्तरक्रिया कार्यक्रम,

(२) टेलिभिजनबाट पाक्षिक रुपमा महिला अधिकारका विषयमा सचेतनामूलक सामग्री तयारी तथा प्रसारण,

(३) महिला माथि हुने हिंसा निवारणको सम्बन्धमा शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापनका पदाधिकारीसँग विद्यालयस्तरमा अभिमुखीकरण कार्यक्रम,

(४) लैङ्गिक संवेदनशिल प्रजनन् स्वास्थ्य अधिकार सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रम,

(५) रेडियो नेपाल र एफ.एम बाट महिला अधिकार र महिला हिंसा विरुद्धका सूचनामूलक कार्यक्रमहरु उत्पादन तथा प्रशारण,

(६) महिलाको न्यायमा पहुँच सम्बन्धमा सरोकारवाला निकाय, न्यायिक निकाय र सेवाग्राहीहरुसँग अन्तरक्रिया कार्यक्रम ।

### ४.४.५ राष्ट्रिय दलित आयोग

राष्ट्रिय दलित आयोगले दलित समुदायको हकहित प्रवर्द्धनको लागि उल्लेखनीय कार्यहरु गर्दै आएको छ । कानूनी सचेतनाका सम्बन्धमा राष्ट्रिय दलित आयोगले देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्दै आएको देखिन्छः-

(१) दलित अधिकार सम्बन्धी ऐन नियमको प्रचार प्रसार कार्यक्रम,

(२) विद्यालयस्तरमा जातिय छुवाछुत सम्बन्धी अभिमुखिकरण कार्यक्रम,

(३) दलित अधिकार सम्बन्धी प्रवर्द्धनात्मक र सचेतनामूलक कार्यक्रम।

### ४.४.६ राष्ट्रिय समावेशी आयोग

राष्ट्रिय समावेशी आयोगले विशेषत खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक एवम् सीमान्तकृत समुदाय तथा पिछडिएको वर्ग तथा आर्थिक रूपले विपन्न वर्गको हकहितको लागि विभिन्न कार्यहरू सम्पादन गर्दै आएको छ। आ.व. २०७६/७७ को वार्षिक प्रतिवेदन अनुसार राष्ट्रिय सामावेशी आयोगले देहायका कार्य सञ्चालन गरेको देखिन्छः-

(१) लक्षित वर्गको हक अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम (सूचना, पम्पलेट, ब्रोसर, हाते पुस्तिका, श्रव्य-दृष्य प्रकाशन) सञ्चालन,

(२) राष्ट्रिय समावेशी आयोगको कार्यक्षेत्र भित्र पर्ने विभिन्न लक्षित वर्ग (खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक एवम् सीमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिक रूपले विपन्न वर्ग) तथा सरोकारवालाहरूसँग विभिन्न विषयहरूमा केन्द्रीयस्तर, प्रदेशस्तर र स्थानीयस्तरमा अन्तरक्रिया, गोष्ठी, छलफल, सेमिनार आदि सञ्चालन।

### ४.४.७ मुस्लिम आयोग

मुस्लिम आयोगले सक्रिय रुपमा मुस्लिम समुदायको हकहितको लागि कार्यसम्पादन गर्दै आएको छ। कानूनी सचेतना तथा साक्षरताका सन्दर्भमा मुस्लिम आयोगले मुस्लिम महिलाका लागि "लैङ्गिक हिंसा विरुद्धको कानूनी सचेतना र अधिकार प्रवर्द्धन सम्बन्धी एक दिने कार्यक्रम" सञ्चालन गरेको देखिन्छ। साथै, मुस्लिम समुदायको हकहित प्रवर्द्धन, अधिकारको प्रचारप्रसार तथा मुस्लिम समुदायको विभिन्न समस्याहरुको समाधान गर्न गुनासो व्यवस्थापनको संयन्त्रलाई सक्रिय गरेको पाईन्छ।

## ४.५ अन्तर्राष्ट्रिय तथा गैरसरकारी संस्था

### ४.५.१ अन्तर्राष्ट्रिय संस्था

**(क) संयुक्त राष्ट्रसंघ विकास कार्यक्रम (यु.एन डि.पि)**

संयुक्त राष्ट्रसंघ विकास कार्यक्रम, नेपाल सामाजिक न्याय, न्यायमा पहुँच तथा कानूनी राज्यको विषयमा वकालत गर्न अग्रसर निकाय रहेको देख्न सकिन्छ। यु.एन डि.पि ले विभिन्न सरकारी तथा गैरसरकारी निकाय सँगको समन्वयमा विभिन्न क्षेत्रमा सचेतनामूलक तथा अभिमुखीकरण कार्यक्रहरुको सञ्चालन गर्दै आएको छ।

**(ख) यु.एन. वोमन**

यु.एन. वोमनले Convention on the Elimination of All Forms of Discrimination against Women (CEDAW) को प्रभावकारी कार्यान्वयनको लागि वकालत गर्दै राजनीतिक प्रतिबद्धता र जवाफदेहिताका लागि सरकारहरूलाई जोड दिएको देखिन्छ। साथै, महिलाका मानव अधिकारको कार्यान्वयनका लागि कानून, नीति निर्माणको लागि सरकारलाई सहयोग गरेको देखिन्छ। यस सँगै यु.एन. वोमनले विभिन्न क्षेत्रमा सरोकारवाला निकायहरुको सहकार्यमा महिला अधिकारको सम्वर्द्धन तथा प्रवर्द्धनका लागि विशेष कार्यक्रमहरुको सञ्चालन गर्दै आएको छ। यु.एन. वोमनले गरेका केही उल्लेखनीय कार्यहरु देहाय बमोजिम रहेको पाईन्छः-

(१) मिडिया मार्फत चेतना जगाउने कार्यक्रमको सञ्चालन,

(२) पीस मिडिया नेटवर्क र ह्वाइट रिबन अभियान जस्ता महत्वपूर्ण अभियानहरू सञ्चालन,

(३) महिला सशक्तिकरण र लैङ्गिक भेदभाव अन्त्य गर्न "UN Agencies' Srategic Plans for 2018-2021" को ६ वटा क्षेत्रमा काम गर्नका लागि यु.एन वोमन र यु.एन डि.पि को सहकार्य।[14]

### ४.५.२ गैरसरकारी संस्था

14 सहकार्य भएका क्षेत्रहरु देहाय बमोजिम छनः-

i. Strengthening legal and policy reforms to advance gender equality,
ii. Advancing inclusive and gender-responsive governance, human rights and access to justice including support to provincial and local governments,
iii. Transforming gender discriminatory norms and eliminating harmful practices,
iv. Gender-based violence prevention and response,
v. Fostering voice, agency and engagement of civil society through support to broadened civic space, particularly guaranteeing space for youth from vulnerable communities including persons with disabilities and sexual minorities,
vi. Ensuring women's political participation, representation and leadership, including in elections and across the three levels of government,
vii. Advancing women's leadership in peacekeeping and conflict prevention including the implementation of National Action Plan II on UNSCR 1320 and 1820,
viii. Strengthening gender equality and social inclusion during crises and post-crisis responses, as well as early recovery,
ix. Mobilizing the private sector to advance gender equality,
x. Accelerating women's economic empowerment,
xi. Strengthening the evidence base for implementation and monitoring of the localization of the Sustainable Development Goals (SDGs) of the Agenda 2030,
xii. Experimenting, innovating and scaling up for the acceleration of SDG 5, 10, 11 and 16 with the UNDP Accelerator Lab.

(क) **नेपाल बार एशोसिएशन**

कानूनी सहायता सचेतनाका क्षेत्रमा नेपाल बार एशोसियशनको भूमिका उल्लेखनीय छ। देशैभर फैलिएका बारका ईकाइहरुको कारण नेपाल बार एशोसियशनलाई यस्ता कार्यक्रमहरु प्रत्येक जिल्लामा सञ्चालन गर्न सहज हुने गर्दछ। जिल्ला कानूनी सहायता समितिमा प्रत्यक्ष संलग्नता हुने हुँदा नेपाल बार एशोसियशनले कानूनी सचेतना तथा कानूनी साक्षरताका क्षेत्रमा प्रभावकारी भूमिका निर्वाह गर्न सक्षम छ। नेपाल बार एशोसियशनले नर्वेजियन बारसँगको २५ वर्षिय सहकार्यमा **"Boosting Access to Justice for Needy People "** नामक परियोजना सञ्चालनमा ल्याई कानूनी सचेतना तथा कानूनी साक्षरताको क्षेत्रमा महत्वपूर्ण कार्य गरेको देखिन्छ।

(ख) **अन्य गैरसरकारी संस्था**

सरकारी निकायको अतिरिक्त अन्तर्राष्ट्रिय संस्था र गैरसरकारी संस्थाहरुले पनि कानूनी सचेतना तथा कानूनी साक्षरताका क्षेत्रमा सक्रिय भूमिका निर्वाह गरेको पाईन्छ। संस्था दर्ता ऐन, २०३३ अन्तर्गत दर्ता भएका विभिन्न संस्थाद्वारा कानूनी सचेतना तथा कानूनी साक्षरताका कार्यक्रमहरु सञ्चालन गर्दै आएका छन्।

यसको अतिरिक्त सूचना तथा प्रसारण विभागमा दर्ता भई पत्रपत्रिका प्रकाशन गर्ने संस्थाले पत्रपत्रिकामा सूचना तथा समाचारहरु प्रकाशन गरी सर्वसाधारण समक्ष पुऱ्याएर कानूनी सचेतना तथा कानूनी साक्षरतालाई प्रवर्द्धन गर्न उल्लेखनीय भूमिका निर्वाह गरेको पाईन्छ।

## ५. अन्य मुलुकमा विकसित सर्वोत्तम अभ्यास

कानूनी सचेतना तथा कानूनी साक्षरतालाई विश्वभरी नै विशेष महत्वका साथ हेर्ने गरेको पाईन्छ। यस सन्दर्भमा विभिन्न देशले विभिन्न संस्थागत संरचनाको स्थापना तथा वृहत कार्यक्रमहरुको सञ्चालन मार्फत यस विषयलाई निरन्तरता दिँदै आएका छन्।

विभिन्न देशमा कानूनी सचेतना तथा कानूनी साक्षरताका क्षेत्रमा देहायका सर्वोत्तम अभ्यासहरु रहेका देखिन्छ :-

### ५.१ बङ्गलादेश

बङ्गलादेशको राष्ट्रिय कानूनी सहायता सेवा संगठन (National Legal Aid Services Organization) कानूनी सहायतालाई प्रवर्द्धन गर्न कानूनी सहायता ऐन, २००० अन्तर्गत गठन भएको सरकारी निकाय हो।यसले विशेषत कानूनी सहायतालाई

मध्यनजर गर्ने भए तापनि कानूनी सचेतना रणनीति मार्फत देहायका विभिन्न कानूनी सचेतना तथा कानूनी साक्षरताका कार्यक्रमहरु सञ्चालन गर्दै आएको छः-

(१) रेडियो/टेलिभिजन मार्फत कार्यक्रम,

(२) पत्रपत्रिका/टेलिभिजन मार्फत जनकल्याणकारी विज्ञापन,

(३) सेमिनार

(४) वर्कसप आदि।[15]

## ५.२ भारत

भारतमा कानूनी सहायता, साक्षरता तथा सचेतनाको विषयलाई सम्बोधन गर्न छुट्टै संस्थागत संरचनाको व्यवस्था गरिएको पाईन्छ। राष्ट्रिय विधिक सेवा प्राधिकरण ऐन, १९८७ अन्तर्गत प्रधान न्यायाधीश संरक्षक रहने गरी एक राष्ट्रिय विधिक सेवा प्राधिकरणको गठन भएको देखिन्छ। त्यस्तै गरी प्रत्येक राज्यमा राज्य विधिक सेवा प्राधिकरण र जिल्लामा जिल्ला विधिक सेवा प्राधिकरण रहने व्यवस्था रहेको पाईन्छ। यसको अतिरिक्त राष्ट्रिय महिला आयोगले महिलाको हकहितको संरक्षणका निमित्त उल्लेखनीय कार्य गर्दै आएको पाईन्छ। यसै सन्दर्भमा भारतमा सञ्चालन भएका केही महत्वपूर्ण कार्यक्रमहरु यस प्रकार छन् :-

(१) विभिन्न मोडलमा कानूनी सचेतना तथा साक्षरताका कार्यक्रम सञ्चालन गर्ने,[16]

(२) कानूनी साक्षरता कार्यक्रमहरूको लागि विशेष क्षेत्रका स्थानीयका आवश्यकताहरूको आधारमा विशेष कार्यक्रम सञ्चालन,

(३) विद्यालयस्तरमा विभिन्न कानूनी साक्षरता कार्यक्रमहरूको आयोजना,

(४) कानूनी सहायता क्लिनिकहरूको सञ्चालन,

(५) पाँच वर्षीय **न्यायमा पहुँच परियोजना** अन्तर्गत देशका विभिन्न राज्यमा कानूनी सचेतना तथा कानूनी साक्षरता कार्यक्रम सञ्चालन ।

---

15 Services of Government Legal Aid, NLASO, p. 23 Accessed on 2021-01-29 http://nlaso.gov.bd/site/page/68c74afb-a524-47a1-b5b7-e94772f37769/-

16 राष्ट्रिय विधिक सेवा प्राधिकरणले अपनाएका कानूनी सचेतना/साक्षरताका मोडेलहरूः-

(१) सेमिनारहरू, लेक्चरहरू सञ्चालन पर्चा वितरण, दूरदर्शन कार्यक्रममा प्रसारण, लाइभ फोन-इन कार्यक्रमहरू आदि;

(२) सार्वजनिक अन्तरक्रिया मार्फत जागरूकता फैलाउन मोबाइल बहु उपयोगिता भ्यान,

(३) नुक्कड नाटक; छोटो वृत्तचित्र; कानुनी मुद्दाहरूमा स्कुल विद्यार्थीद्वारा सांस्कृतिक कार्यक्रमहरू;

(४) कानूनी मुद्दाहरूमा विभिन्न प्रतियोगिताहरू जस्तै चित्रकला, निबन्ध लेखन, बहस र घोषणा आदि।

(६) कानूनी **साक्षरता परियोजना**का नामले देहायका विषयहरू समेट्ने गरी एक वृहत कार्यक्रमहरुको सङ्गालो सञ्चालन भएको छः-

(क) संविधान प्रदत्त मौलिक हक,

(ख) कानूनी सहायता,

(ग) महिला अधिकार,

(घ) फौजदारी कार्यविधि संहिता,

(ङ) शिक्षाको हक सम्बन्धी ऐन, २००९,

(च) खाद्य सुरक्षा ऐन, २०१३

(छ) अनुसूचित जाति एवम् अनुसूचित जनजाति (अत्याचार निरोधक) ऐन,१९८९

(ज) सूचनाको हक ऐन, २००५

त्यस्तै राष्ट्रिय महिला आयोगले पनि कानूनी सचेतना तथा महिला सशक्तिकरणको लागि गैर सरकारी संस्थासँगको सहकार्यमा "महिला र चेलीको लागि देशव्यापी कानूनी सचेतना कार्यक्रम" को सञ्चालन सम्पन गरेको पाईन्छ। त्यस्तै राज्यका सदरमुकाम हुँदै जिल्ला र गाउँमा कार्यक्रम केन्द्रित गर्दै “गाउँ की और” नामले कानूनी सचेतना कार्यक्रम सञ्चालनमा रहेको पाईन्छ।

## ५.३ सङ्युक्त राज्य अमेरिका

अमेरिकामा कानूनी सचेतना तथा कानूनी साक्षरताको क्षेत्रमा कानून व्यवसायी परिषद्ले विशेष भूमिका खेलेको पाईन्छ। अमेरिकन बार एशोसियशनको **सार्वजनिक शिक्षा शाखा** (Public Education Division) ले कानून र कानूनी मुद्दाहरूको बारेमा शिक्षक, विद्यार्थी, पत्रकार, कानून व्यवसायी र सर्वसाधारण जनतालाई जानकारी प्रदान गर्ने उद्देश्यले विभिन्न कार्यक्रमहरू आयोजना गर्ने गरेको पाईन्छ। जसमध्ये केही कार्यक्रमहरू यस प्रकार रहेका छन् :-

(१) कानून दिवस मनाउने र कार्यक्रमहरु आयोजना,

(२) कानूनी विषयका समर स्कूलहरुको सञ्चालन,

(३) राष्ट्रिय कानूनसँग सम्बन्धित शिक्षा सम्मेलन,

(४) विभिन्न न्यायिक शिक्षा केन्द्रहरुको[17] सञ्चालन ।

## ५.४ श्रीलङ्का

---

17 न्यायिक शिक्षा केन्द्रले विशेषत शिक्षकलाई न्यायिक प्रणालीको तालिम प्रदान गर्ने गरेको पाईन्छ।

श्रीलङ्कामा कानूनी सहायता ऐन, १९७८ ले गठन गरेको **कानूनी सहायता आयोग** (Legal Aid Commission of Sri Lanka) ले विभिन्न समूहलाई लक्षित गर्दै[18] कानूनी सचेतना तथा कानूनी साक्षरता कार्यक्रमको साथै कानूनी क्लिनिकहरुको सञ्चालन गर्दै कानूनी सचेतना तथा साक्षरताको क्षेत्रमा उल्लेखनीय भूमिका खेलेको छ।[19]

त्यस्तै गरी सञ्चार माध्यमबाट समेत कानूनी सचेतना तथा कानूनी साक्षरताका लागि प्रयास भएको देखिन्छ। "लङ्कादिपा" पत्रिका मार्फत सर्वसाधारणको प्रश्नको उत्तर प्रदान गर्ने त्यसका साथै कानूनी सहायता शीर्षकमा लेख दैनिक पत्रिकामा प्रकाशन हुने गरेको छ।

## ६. कानूनी सचेतना तथा कानूनी साक्षरता सम्बन्धी समस्या

कानूनी सचेतना तथा कानूनी साक्षरताको कार्यक्रमहरु अपेक्षित सङ्ख्यामा सञ्चालन नहुनु र सञ्चालित कार्यक्रम गुणस्तरीय हुन नसक्दा कानूनी सचेतना तथा साक्षरता कार्यक्रमको अस्तित्व सङ्कटमा पर्न गएको देखिन्छ।कानूनी सचेतना तथा कानूनी साक्षरताका कार्यक्रम कूशल, प्रभावकारी, मितव्ययी, वैज्ञानिक तथा सहभागितामूलक गराउनका लागि आवश्यक तथा उपयुक्त कदमहरू चालेको नदेखिँदा विभिन्न कमजोरी तथा समस्याहरु देखा पर्ने गरेका छन् । कानूनी सचेतना तथा कानूनी साक्षरता सम्बन्धी कार्य गर्ने निकायहरुबीच एक आपसमा समन्व्यको कमीले समस्याहरु सिर्जना हुने गर्दछ। विभिन्न देशका असल अभ्यास र नेपालमा सञ्चालन भईरहेका कार्यक्रमलाई तुलनात्मक रुपले हेर्ने हो भने निम्नलिखित समस्याहरुलाई बुँदागत रुपमा औंल्याउन सकिन्छः-

(१) कानूनी सहायतालाई प्रभावकारी बनाउन एकीकृत कानूनी सहायता नीति, २०७६, कानूनी सहायता सम्बन्धी ऐन, २०५४ र कानूनी सहायता सम्बन्धी नियमावली, २०५५ को व्यवस्था भए तापनि कानूनी सचेतना तथा कानूनी साक्षरतालाई सम्बोधन गर्न एकीकृत नीति तथा कानूनी व्यवस्थाको अभाव,

(२) कानूनी सचेतना तथा कानूनी साक्षरताको सम्बन्धमा एक निश्चित निकायको नेतृत्वमा सक्रिय संस्थागत संरचनाको अभाव,

(३) कानूनी सचेतना तथा कानूनी साक्षरताका कार्यक्रम सञ्चालनलाई आवश्यक पर्ने बजेट सुनिश्चित गर्ने र निरन्तर रुपले सञ्चालन गर्न समस्या,

---

18 महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, HIV सङ्क्रमित, जनजाति, प्रहरी, कर्मचारी, विद्यार्थी, कानून व्यवसायी आदिलाई लक्षित गरी कार्यक्रम सञ्चालन हुने गरेको पाईन्छ ।

19 Legal Awareness Program, Legal Aid commission of Sri Lanka http://www.legalaid.gov.lk/index.php/awareness-raising-programmes, Accessed on- 2021-01-29.

(४) संघीय, प्रादेशिक र स्थानीय निकायहरुबीच कानूनी सचेतना तथा कानूनी साक्षरताको सम्बन्धना प्रष्ट भूमिका निर्धारणमा समस्या,

(५) कानूनी सामग्रीको उपलब्धता सिमित भएको र यसको पहुँचमा सहजता ल्याउन समस्या,

(६) देशभर व्यवस्थित कानूनी पुस्तकालयको सङ्ख्या सिमित हुनु र पुस्तकालयमा कानूनी पाठ्य सामग्रीको पर्याप्त उपलब्धताको समस्या,

(७) लक्षित वर्ग तथा समूहको पहिचानको लागि उचित मापदण्ड निर्धारण नभएको अवस्था रहँदा असमर्थ पक्ष, पिछडिएका वर्ग र समूहलाई कार्यक्रमले समेट्न समस्या,

(८) कानूनी सचेतना तथा कानूनी साक्षरताको कार्यक्रम सञ्चालन गर्ने निकायहरुबीच समन्वय र सहकार्यमा समस्या,

(९) कानूनी सचेतना तथा कानूनी साक्षरता कार्यक्रममा विशेष वर्गको लागि विशेष शैली,स्रोत सामग्रीको आवश्यकतालाई आत्मसात गरी कार्यक्रम सञ्चालन गर्ने समस्या,

(१०) कार्यक्रमको प्रभावकारिता, नतिजा मुल्याङ्कन, प्रभाव मूल्याङ्कन जस्ता महत्वपूर्ण कार्यलाई वेवास्ता गर्ने तथा सञ्चालित कार्यक्रमका कमी कमजोरीलाई भविष्यमा सुधार गर्न आवश्यक अध्ययनको कमी,

(११) कार्यक्रमलाई बाध्यात्मक रुपले लिईने तथा आवश्यकताको पहिचान भन्दा सहजता र अनुकुलताका आधारमा कार्यक्रम सञ्चालन हुने अवस्था,

(१२) कानूनी सचेतनाको कार्यक्रम सञ्चालन गर्ने निकायको भूमिकाको दोहोरोपन (duplication) र अतिव्यापन (overlap) हुँदा वा समान प्रकृतिका कार्यक्रमहरु दोहोरिँदा सिमित स्रोत साधनको उचित परिचालन तथा सदुपयोग हुनु पर्नेमा दुरुपयोग हुने अवस्था,

(१३) कार्यक्रम सञ्चालन अघीको अध्ययन, तयारी, मापदण्ड निर्धारण, लक्षित समूहको पहिचान, समन्वय र सहकार्य लगयतका पक्षहरुको पर्याप्त अध्ययनमा समस्या ।

## ७. कानूनी सचेतना तथा कानूनी साक्षरता कार्यक्रमको लागि अपनाउनु पर्ने नीतिगत व्यवस्था

### ७.१ नीतिगत व्यवस्था

कानूनी सचेतना तथा कानूनी साक्षरतालाई सम्बोधन गर्न स्पष्ट नीतिगत व्यवस्थाको अभाव रहेको छ। एकीकृत कानूनी सहायता नीति, २०७६ मा कानूनी सचेतनाको सन्दर्भमा केही प्रावधान रहेको भए तापनि उक्त प्रावधानले कानूनी सचेतना तथा कानूनी साक्षरताको आवश्यकतालाई सम्बोधन गर्न नसक्ने देखिन्छ।

हाल विभिन्न निकायद्वारा कानूनी सचेतना तथा कानूनी साक्षरताका कार्यक्रम सञ्चालनले निरन्तरता पाएको भए तापनि यसको गुणस्तर अभिवृद्धि गर्न, दायरा विस्तार गर्न र थप प्रभावकारी बनाउन एक कानूनी सचेतना तथा कानूनी साक्षरता सम्बन्धी नीतिको निर्माण गर्न वाञ्छनीय रहेको देखिन्छ।

कानूनी सहायता सम्बन्धी ऐन, २०५४ को दफा ६ बमोजिम कानून, न्याय तथा संसदीय मामिला मन्त्रीको अध्यक्षतामा गठित केन्द्रीय कानूनी सहायता समिति रहेको छ। यस समितिले कानूनी सहायतालाई प्रभावकारी बनाउन आवश्यक कार्यहरू गर्दै आएको छ। कानूनी सचेतना तथा कानूनी साक्षरता सम्बन्धी कार्य गर्नका लागि छुटै एक निकायको आवश्यकता भए तापनि छुट्टै संस्थागत संरचना निर्माण गर्दा राज्यलाई ठूलो आर्थिक व्ययभार पर्न जाने हुनाले यस समितिलाई नै कानूनी सचेतना र साक्षरता कार्यक्रमको समेत जिम्मेवारी दिँदा नीतिगत रुपमा उपयुक्त हुने देखिन्छ ।

कानूनी सहायता सम्बन्धी ऐन, २०५४ लाई संशोधन गरी केन्द्रीय कानूनी सहायता समितिलाई कानूनी सचेतना तथा कानूनी साक्षरता सम्बन्धी काम, कर्तव्य र अधिकार प्रदान गर्न सो ऐनमा कानूनी सचेतना तथा कानूनी साक्षरताको जिम्मेवारीको प्रावधान थप गरी कानूनी सचेतना तथा कानूनी साक्षरताको आवश्यकतालाई सम्बोधन गर्न आवश्यक देखिन्छ।यसको अतिरिक्त प्रदेश कार्य समितिको व्यवस्था गरी कानूनी सचेतना तथा कानूनी साक्षरताको जिम्मेवारी व्यवस्था गर्नु पर्नेछ ।

### ७.२ संस्थागत व्यवस्था

विभिन्न देशका अभ्यासलाई मध्यनजर गर्दा कानूनी सचेतना तथा कानूनी साक्षरतालाई नयाँ दिशा दिनका लागि एक नेतृत्वकारी भूमिका निर्वाह गर्ने स्रोत, साधन सम्पन निकायको आवश्यकता हुन्छ। कानूनी सचेतना तथा कानूनी साक्षरताका कार्यक्रमलाई प्रभावकारी बनाउन र यसको दायरा विस्तारका लागि संस्थागत सशक्तता र जिम्मेवारीको प्रष्ट निर्धारण गर्न आवश्यक रहेको देखिन्छ।

नेपालको सन्दर्भमा देहाय बमोजिमको संस्थागत व्यवस्था मार्फत कानूनी सचेतना तथा कानूनी साक्षरताको कार्यक्रम सञ्चालन गर्दा यसको स्थायित्वलाई सुनिश्चित गर्न सहयोग पुग्ने देखिन्छ।

**(क) केन्द्रीय कानूनी सहायता समितिलाई कानूनी सचेतना तथा कानूनी साक्षरताको जिम्मेवारी निर्धारण**

कानूनी सचेतना तथा कानूनी साक्षरतामा केन्द्रीय निकायको अभावमा कानूनी सचेतना तथा कानूनी साक्षरताका कार्यलाई व्यवस्थित एवम् प्रभावकारी रुपले सम्पादन गर्न सम्भव हुने देखिँदैन।

कानूनी सचेतना तथा कानूनी साक्षरतालाई नियमित कार्यका रुपमा देशव्यापी रुपले सञ्चालन गर्न नीति निर्माण, कार्ययोजनाको तयारी, मापदण्ड निर्धारण, मानव स्रोत, आर्थिक स्रोतको व्यवस्थापन जस्ता महत्वपूर्ण विषयलाई थप व्यवस्थित गर्नु पर्ने हुन्छ। तसर्थ, मौजुदा केन्द्रीय कानूनी सहायता समितिलाई कानूनी सचेतना तथा कानूनी साक्षरता सम्बन्धी काम, कर्तव्य र अधिकार प्रदान गर्ने र त्यस प्रयोजनका लागि "राष्ट्रिय कानूनी सहायता तथा कानूनी सचेतना समिति" को रुपमा नामाकरण गरी आवश्यक जिम्मेवारी व्यवस्था गर्नु पर्ने हुन्छ।

यसको अतिरिक्त प्रदेशस्तरमा कार्य सम्पादनका लागि प्रत्येक प्रदेशमा सोही ऐनमा प्रदेश कानूनी सहायता तथा कानूनी सचेतना समितिको व्यवस्था गर्नु पर्ने हुन्छ। त्यसै गरी प्रत्येक स्थानीय तहमा स्थानीयस्तरको कानूनी सहायता तथा कानूनी सचेतना ईकाईको व्यवस्था गरी कार्य सम्पादन गर्न उपयुक्त हुने देखिन्छ। यस दृष्टिकोणबाट सो ऐनमा परिमार्जन गरी केन्द्रीय कानूनी सहायता समितिले देहायका थप कार्य गर्दछ:-

(१) कानूनी सचेतना तथा कानूनी साक्षरताको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय तथा अन्य सरोकारवाला निकायहरुसँगको सहकार्य र समन्वयमा एकीकृत नीति तथा परियोजना तयार गर्ने,

(२) कानूनी सचेतना कार्यक्रम सञ्चालन गर्ने निकायहरुको भूमिका निर्धारण गर्ने,

(३) कानूनी सचेतना तथा कानूनी साक्षरताका कार्यक्रमका लक्षित समूहको निर्धारण गर्नका लागि मापदण्ड तथा एकीकृत पाठ्यक्रमको निर्धारण गरी कार्यान्वयनमा ल्याउने,

(४) कानूनी सचेतना तथा कानूनी साक्षरता कार्यक्रमको सञ्चालनलाई व्यवस्थित बनाउन एकद्वार प्रणाली अवलम्बन गर्ने,

(५) कानूनी सचेतना तथा कानूनी साक्षरता कार्यक्रमको सञ्चालन र नतिजा तथा प्रभाव मूल्याङ्कनका मापदण्ड निर्धारण गरी सञ्चालक निकायहरुद्वारा अनिवार्य प्रतिवेदन तयार गरी पेश गर्ने व्यवस्था मिलाउने,

(६) कानूनी सचेतना तथा कानूनी साक्षरताका कार्यक्रमको प्रतिवेदनहरुलाई सङ्कलन गरी त्यसबाट प्राप्त हुने जानकारीलाई समावेश गर्ने र विस्तृत प्रतिवेदन तयार गरी नेपाल सरकार तथा संघीय संसदमा पेश गर्ने व्यवस्था मिलाउने,

(७) कानूनी सचेतना तथा कानूनी साक्षरताका कार्यक्रम सञ्चालक समूह र प्रशिक्षकहरूलाई अनिवार्य तालिमको प्रबन्ध मिलाउने।

उपरोक्त बमोजिमको कार्य सम्पादनका लागि छुटै संस्थागत संरचनाको आवश्यकता रहेको भए तापनि उक्त संरचनाको निर्माण गर्दा राज्यलाई आर्थिक व्ययभार पर्न जान्छ। तसर्थ, विकल्प स्वरुप केन्द्रीय कानूनी सहायता समितिलाई “राष्ट्रिय कानूनी सहायता तथा कानूनी सचेतना समिति” का रुपमा नामाकरण गरी थप स्रोत साधन उपलब्ध गराएर कानूनी सचेतना तथा कानूनी साक्षरता सम्बन्धी थप जिम्मेवारी प्रदान गर्दा सिमित स्रोत साधन तथा छोटो समयमा प्रभावकारी रुपले कार्य सम्पादन गर्न सकिन्छ।

**(ख) कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको भूमिका**

मन्त्रालयले कानूनी सचेतना तथा कानूनी साक्षरताका क्षेत्रमा पुऱ्याएको योगदान असिमित रहेको पाईन्छ। मन्त्रालयले कानूनी सचेतनाको सम्बन्धमा देहाय बमोजिमका कार्य गर्न उपयुक्त हुने देखिन्छः-

(१) कानूनी सचेतना तथा साक्षरताका लागि केन्द्रीय कानूनी सहायता समिति तथा सरोकारवाला निकायहरुसँगको सहकार्य र समन्वयमा गुरुयोजना तथा परियोजना तयार गर्न सक्रिय भूमिका निर्वाह गर्ने,

(२) कानूनी सचेतनाका लागि आवश्यक पर्ने बजेटको व्यवस्थापन र त्यसको निरन्तरताको सुनिश्चिता गर्ने,

(३) कानूनी सचेतनाका लागि सञ्चालनमा रहेका कार्यक्रमहरुको अभिलेखिकरण गर्ने र उक्त अभिलेखलाई अध्यावधिक गरी यस सम्बन्धमा कार्यसम्पादन गर्ने निकायहरुलाई सुझाव तथा निर्देशन दिने,

(४) देशका विभिन्न स्थानमा रहेका पुस्तकालयमा कानूनी सामग्रीलाई उपलब्ध गराउने र प्रदेशस्तरमा समेत कानूनी पुस्तकालयको निर्माण गर्ने व्यवस्था मिलाउने,

(५) नेपालको संविधान, नेपाल राजपत्र, मुलुकी संहिता, ऐन, नियमहरू लगायतका कानूनको आधारभुत तहसम्म[20] प्रचार प्रसार तथा उपलब्धता लाई सुनिश्चित गर्ने।

**(ग) प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्रालयको भूमिका**

प्रदेशमा सञ्चालन हुने कानूनी सचेतना तथा कानूनी साक्षरताका कार्यक्रम सञ्चालन गर्न र प्रदेश सरकारद्वारा निर्मित कानूनहरुको प्रचारप्रसारका लागि बजेटको सुनिश्चितता प्रदेश सरकारले गर्नु पर्नेछ। कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, प्रदेश कानूनी सहायता तथा कानूनी सचेतना समिति, स्थानीय सरकार, सरकारी निकाय, अन्तर्राष्ट्रिय संस्था, गैरसरकारी संस्थासँग सहकार्य तथा समन्वय गरी कानूनी सचेतना तथा कानूनी साक्षरताको निर्धारित मापदण्ड तथा कार्ययोजनालाई अवलम्बन गरी कार्य सम्पादन गर्नु पर्ने देखिन्छ।

**(घ) जिल्ला कानूनी सहायता समितिको भूमिका**

कानूनी सचेतना तथा साक्षरतालाई प्रत्येक जिल्लामा विस्तार गरी नेपाल सरकार तथा प्रदेश सरकारको सहकार्यमा जिल्लास्तरमा प्रभावकारी रुपमा सञ्चालन गर्न सकिन्छ।

जिल्ला स्थित जिल्ला कानूनी सहायता समितिले जिल्ला बार एशोसियशन तथा अन्य निकायहरुसँगको समन्वय र सहकार्यमा कानूनी सहायताको साथै कानूनी सचेतना तथा कानूनी साक्षरताका कार्यक्रमलाई सञ्चालन गरी उक्त कार्यक्रमलाई निर्धारित मापदण्ड तथा कार्ययोजना बमोजिम तोकिएको पाठ्यक्रमका आधारमा जिल्लास्तरसम्म प्रभावकारी ढङ्गले सञ्चालनमा ल्याउन सकिन्छ।

---

20 नेपाल सरकारद्वारा निर्मित कानूनहरुलाई विद्यालय तथा स्थानीय तहका वडासम्म पुऱ्याउन प्रचार प्रसार गर्ने र उक्त कानूनहरु उपलब्ध गराउने व्यवस्था मिलाउन पर्ने आवश्यक देखिन्छ।

**(ङ) स्थानीय तहमा कानूनी सचेतना तथा कानूनी साक्षरता ईकाईको व्यवस्था**

प्रत्येक स्थानीय तहद्वारा विभिन्न निकायहरुको सहकार्य तथा समन्वयमा कानूनी सचेतना तथा कानूनी साक्षरताका कार्यक्रम सञ्चालन गर्दा प्रत्यक्ष रुपले लक्षित वर्ग तथा समुदाय लाभान्वित हुने हुँदा कार्यक्रम प्रभावकारी हुने निश्चित हुन्छ। यसको लागि प्रत्येक स्थानीय तहमा कानूनी सहायता तथा कानूनी सचेतना ईकाईको व्यवस्था गर्नु पर्ने देखिन्छ। कानूनी सहायता तथा कानूनी सचेतना ईकाईले विभिन्न निकायहरुसँग सहकार्य गरी कार्यक्रम सञ्चालनलाई सहजीकरण गर्ने र स्थानीय तहद्वारा निर्मित कानूनको प्रचारप्रसार गर्ने कार्य गर्नु पर्दछ।

**(च) अन्तर्राष्ट्रिय संस्था तथा गैरसरकारी संस्थाको भूमिका**

कानूनी सचेतना तथा कानूनी साक्षरता कार्यक्रमको कार्यान्वयनमा सरकारी निकायसँग आर्थिक, प्राविधिक तथा मानव स्रोतको उपलब्धतालाई सुनिश्चित गर्नका लागि समन्वय तथा सहकार्य गर्न आवश्यक पर्दछ। कानूनी सचेतना तथा कानूनी साक्षरताको कार्ययोजना कार्यान्वनको लागि अन्तर्राष्ट्रिय संस्था, गैरसरकारी संस्था, युवा क्लब, समाजकल्याण समिति, सामुदायिक संस्थालाई जिम्मेवारी हस्तान्तरण गर्ने र कार्यक्रमलाई निर्धारित मापदण्डको पालना गरी तोकिएको पाठ्यक्रमका आधारमा प्रभावकारी रुपले सञ्चालन गर्न सकिन्छ।

## ८. कानूनी सचेतना तथा कानूनी साक्षरताको क्षेत्रमा अवलम्बन गर्नु पर्ने उपायहरु

### ८.१ सहकार्य, समन्वय तथा सहभागिता

कानूनी सचेतना तथा कानूनी साक्षरता कार्यक्रमलाई आधारभूत तहसम्म सञ्चालन गर्नका लागि सरोकारवाला निकायहरुसँग सहकार्य तथा समन्वय गरी कार्यक्रम सञ्चालनमा सहभागितामूलक प्रक्रिया अवलम्बन गर्दै अधिकतम क्षेत्रलाई समेट्न सकिन्छ।

कानूनी सचेतना तथा कानूनी साक्षरता कार्यक्रम सञ्चालनलाई विस्तार गर्न र यसलाई थप प्रभावकारी तथा नतिजामुखी बनाउन सरोकारवाला निकायहरुसँगको सहकार्यमा नियन्त्रित जिम्मेवारी हस्तान्तरण गरेर उपलब्ध जनशक्ति र स्रोत, साधनको उचित परिचालन गर्न सकिन्छ।

कार्यक्रम सञ्चालन गर्दा प्रशिक्षकको समूहलाई वृहत क्षमता अभिवृद्धि तालिमको व्यवस्था गरी प्रशिक्षकलाई तालिम (तालिम प्राप्त प्रशिक्षकद्वारा प्रशिक्षण) अर्थात **"Train the Trainer"** को उपायलाई अवलम्बन गर्नु पर्ने देखिन्छ। त्यसै गरी

कार्यक्रम सञ्चालन गर्दा अधिकारमा आधारित दृष्टिकोण (Rights-based approach) मा केन्द्रित रही कार्यक्रमको योजना गरी सञ्चालन गर्नु पर्ने हुन्छ। कानूनी सचेतना तथा साक्षरताका कार्यक्रमलाई थप गुणस्तरीय र प्रभावकारी बनाउन यी उल्लिखित उपायको अवलम्बन अपरिहार्य रहेको छ।

## ८.२ साझेदारी

आर्थिक तथा सामाजिक क्षेत्रमा सरकारी तथा गैर सरकारी क्षेत्र बीचको साझेदारीले लोकप्रियता पाउँदै आएको छ। उक्त क्षेत्रमा जस्तै साझेदारीको असल अभ्यास भएमा यसका असल गुणहरुबाट कानूनी सचेतना तथा कानूनी साक्षरताको क्षेत्र पनि लाभान्वित हुन सक्छ।

गैर सरकारी क्षेत्रहरुमध्ये अन्तर्राष्ट्रिय संस्था, गैर सरकारी संस्था, समुदायमा आधारित संस्था लगायतका अन्य सक्रिय संघ संस्थासँगको साझेदारीमा कानूनी सचेतना तथा साक्षरताको क्षेत्रलाई प्रभावकारी रुपमा विस्तार गर्न सहज हुन्छ। साथै, आर्थिक पक्ष, स्रोत साधन र जनशक्ति व्यवस्थापनमा समेत यसले सहयोग पुऱ्याउँछ।

रणनीतिक साझेदारी (Strategic Partnership) ले कार्यक्रम सञ्चालनको चरणहरुमा विभिन्न क्षेत्रको अनुभव, विषयविज्ञता, जनशक्ति आदि सदुपयोग हुने हुँदा कार्यक्रमका विभिन्न पक्षहरुमा प्रकाश पार्ने काम गर्दछ। कार्यक्रम सञ्चालनलाई व्यवस्थित तथा मर्यादित बनाउन यसबाट विशेष सहयोग मिल्नेछ।साझेदारीको उपाय मार्फत साझेदारहरूलाई निश्चित जिम्मेवारी बाँडफाँट गरी यसलाई बाध्यकारी र प्रभावकारी बनाउन सकिन्छ।

## ८.३ कार्यक्रम कार्यान्वयनका पद्दति

कानूनी सचेतना तथा कानूनी साक्षरता कार्यक्रम सञ्चालनमा कुशलता तथा प्रभावकारिताका लागि विशेष पद्दतिहरुको पहिचान गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।कानूनी सचेतना तथा कानूनी साक्षरताका कार्यक्रमलाई समाजको आधारभूत तहसम्म पुऱ्याएर असमर्थ पक्षलाई विशेष प्राथमिकतामा राखी सञ्चालन गर्नु पर्ने हुन्छ। यस कार्यक्रममा उपयुक्त पद्दतिको अवलम्बनले कार्यक्रमलाई प्रभावकारी र नतिजामुखी बनाउने हुँदा यसका लागि देहायका पद्दतिलाई अनुसरण गर्न सकिन्छः-

(क) रेडियो/टेलिभिजन मार्फत सचेतनामूलक कार्यक्रम जस्तै नाटक, टेलिश्रिङ्खला, वृत्तचित्र सञ्चालन,

(ख) कानूनी सचेतनाका लागि साँस्कृतिक कार्यक्रम, नाटक, नृत्य, चलचित्र जस्ता अनौपचारिक कार्यक्रमको सञ्चालन,

(ग) रेडियो/टेलिभिजन मार्फत जनचेतनामूलक विज्ञापन तथा सूचना सम्प्रेषण,

(घ) कानूनी जिज्ञासा/प्रश्नहरूको समाधान गर्ने प्रयोजनार्थ कार्यक्रमको सञ्चालन,

(ङ) गोष्ठी, सेमिनार, अन्तरक्रिया कार्यक्रम, गुनासो सङ्कलन तथा व्यवस्थापन, घुम्ती सचेतनाका कार्यक्रम,

(च) हटलाइन टेलिफोन नम्बरको व्यवस्था गरी कानूनी जिज्ञासालाई सम्बोधन गर्ने व्यवस्था।

## ८.४ कार्यक्रम सञ्चालनका चरणहरू

सफल कार्यक्रम सञ्चालनका लागि यसको आवश्यकता र प्राथमिकताको पहिचान, कार्यक्रमको प्रक्रिया र लक्षित समूहको पहिचानको लागि मापदण्ड निर्धारण, जिम्मेवारीको निर्धारण, आर्थिक, मानव स्रोतको व्यवस्थापन, सर्वसाधारणको सहाभागिता, सहकार्य, समन्वय र सुझाव सङ्कलन जस्ता विषयहरूलाई विशेष ध्यान दिनु पर्दछ। कानूनी सचेतना तथा कानूनी साक्षरताको कार्यक्रमलाई देहायका चरणमा विभाजन गर्न सकिन्छः-

### ८.४.१ कार्यक्रम योजनाको चरण

यो चरणलाई कुनै पनि कार्यक्रमको पहिलो र निकै महत्वपूर्ण चरणका रुपमा लिईन्छ।यस चरणमा निम्न लिखित कार्य समावेश गर्न सकिन्छः-

(क) **कार्यक्रमको आवश्यकताको पहिचानः** कार्यक्रमको सञ्चालन किन आवश्यक छ र यसबाट के कस्ता फाइदाहरु हुन्छन् भन्ने विषय यस कार्यबाट प्रष्ट पार्न सकिन्छ।

(ख) **सम्भाव्यताको अध्ययनः** कार्यक्रम सञ्चालनका जटिलता र त्यसको सञ्चालन सम्भव भए नभएको कुराको अध्ययन गर्न सकिन्छ।

(ग) **प्राथमिकता, उद्देश्य तथा लक्ष्य निर्धारणः** कार्यक्रम मार्फत कुन उद्देश्य र लक्ष प्राप्त गर्न खोजिएको हो, कार्यक्रमले के कस्ता विषयलाई वा कुन कुन क्षेत्रलाई प्राथमिकतामा राख्ने कुरा स्पष्ट हुन मद्दत पुग्दछ। उद्देशय तथा लक्ष्य निर्धारण गर्दा असमर्थ पक्षलाई प्रत्यक्ष लाभ दिलाउने विषय कार्यक्रमको प्रमुख लक्ष्य तथा उद्देश्यका रुपमा रहनु पर्दछ।

(घ) **कार्यक्रम सञ्चालनका विधि, प्रक्रिया तथा लक्षित वर्गको निर्धारण**: यस चरणमा कार्यक्रम सञ्चालनमा के कस्तो विधि, प्रक्रियालाई अवलम्बन

गर्ने विषयको निर्धारण हुन्छ। साथै, लक्षित वर्गको पहिचान गरी आवश्यकता अनुसारका अधिकारमा आधरित दृष्टिकोण (Right Based Approch) मा केन्द्रित रही कार्यक्रम सञ्चालन गर्ने योजना तयार गर्नु पर्दछ।[21] यस कार्यलाई व्यवस्थित रुपले सम्पादन गर्नका लागि विशेष मापदण्डको आवश्यक पर्ने हुँदा मापदण्डको निर्धारण आवश्यक रहन्छ।

### ८.४.२ कार्यक्रमको तयारीको चरण

कार्यक्रमको सञ्चालन पूर्वको तयारीले कार्यक्रमको व्यवस्थित सञ्चालनलाई सुनिश्चित गर्दछ। यस चरणमा निम्न लिखित कार्य समावेश गर्न आवश्यक देखिन्छः-

**(क) जिम्मेवारीको बाँडफाँटः** कार्यक्रम सञ्चालनसँग सम्बन्धित विभिन्न जिम्मेवारीहरुको स्पष्ट बाँडफाँट हुनु पर्दछ।

(ख) **स्रोतसाधन, जनशक्ति व्यवस्थापनः** स्रोतसाधन तथा जनशक्तिको उपलब्धतालाई सुनिश्चित गर्ने र त्यसको व्यवस्थापन र प्रभावकारी परिचालनको प्रबन्ध गर्नु पर्दछ।

(ग) **विषयवस्तु वा विषय सामग्रीको तयारी :** सचेतना कार्यक्रममा प्रस्तुतीका लागि के कस्ता विषयवस्तु लाई समेट्ने र लक्षित समूह अनुसारको सामग्रीको तयारी गर्नु पर्दछ।[22] विषय सामग्रीहरुमा नयाँ, जटिल तथा

---

21 कार्यक्रमको योजना कुनै विशेष लक्षित समूह जस्तै असमर्थ पक्ष, महिला, बालबालिका, अपाङ्गता भएका व्याक्तिहरु, निरक्षरता भएका व्यक्तिहरुका लागि तयार गर्न सकिन्छ।

(१) कुनै स्थानको साक्षारताको अवस्थालाई मध्यनजर गर्दै न्यून साक्षरता भएको जिल्ला, नगरपालिका, गाउँपालिकालाई विशेष प्राथमिकतामा राखेर कार्यक्रम सञ्चालन गर्न सकिन्छ।

(२) साथै कार्यक्रम सञ्चालनको विधि, प्रक्रिया छनौट गर्दा लक्षित समूह लाभान्वित हुने गरी Right Based Approach मा केन्द्रित रहेर सञ्चालन गर्नु पर्दछ।(जस्तै निरक्षरता भएका व्यक्तिहरुको लागि नाटक, श्रव्य दृश्य र सांस्कृतिक कार्यक्रम, वृत्तचित्र आदि विशेष विधि अपनाएर कार्यक्रमलाई प्रभावकारी बनाउन सकिन्छ।)

22 कानूनी सचेतनाका कार्यक्रमहरूका विषय वस्तुको तयारीलाई देहाय बमोजिम विभाजन गर्न सकिन्छः-

(१) लक्षित समूह अनुसारको कार्यक्रममा महिला, बालबालिका, अपाङ्गता भएका व्याक्तिहरु, दलित आदि वर्गहरूका लागि विषय सामग्री तयार गर्न सकिन्छ।

(२) विषयवस्तुका सम्बन्धमाः-

(क) आधरभुत कानून(मुलुकी देवानी र फौजदारी संहिताहरु), मौलिक हक र कर्तव्य, सुशासन ऐन, सूचनाको हक सम्बन्धी ऐन आदि सँग सम्बन्धित कार्यक्रम,

महत्वपूर्ण कानूनी प्रावधानहरुलाई समेटेर सरल ढङ्गले सर्वसाधारण समक्ष प्रस्तुत गर्ने कुरालाई सुनिश्चित गर्नु पर्दछ।

(घ) **प्रशिकक्षकलाई तालिम**: कानूनी सचेतनाका कार्यक्रमका सञ्चालक समूह र प्रशिक्षकलाई कार्यक्रमको लक्ष्य प्राप्तिमा केन्द्रित गराई अनिवार्य रुपमा विशेष तालिमको प्रबन्ध मिलाएर **Train the Trainer model** लाई अवलम्बन गर्नु पर्दछ।

(ङ) **कार्यक्रम सञ्चालन स्थान र प्राविधिक तयारी :** कार्यक्रम सञ्चालनका लागि उपयुक्त स्थानको निर्धारण गर्ने र कार्यक्रमका लागि चाहिने प्राविधिक तथा अन्य आवश्यक विषयलाई व्यवस्थापन गर्नु पर्दछ।

### ८.४.३ कार्यान्वयनको चरण

योजना कार्यान्वयन भई कार्यक्रम सञ्चालनमा हुने चरण कार्यक्रम सञ्चालनको चरण हो र यसमा निम्न लिखित कार्यहरू समावेश भएमा त्यसबाट बढी लाभ लिन सकिन्छः-

(क) **सहभागिताको सुनिश्चितताः** कार्यक्रम सञ्चालनमा सबै सरोकारवालाहरू को सहभागितालाई सुनिश्चित गर्नु कार्यक्रमको सबै भन्दा महत्वपूर्ण कार्य हो।

(ख) **कार्यक्रम सञ्चालनः** सम्पूर्ण तयारी तथा योजनाको कार्यान्वयनलाई साकार पार्ने तथा कार्यक्रमको चक्रमा सबै भन्दा महत्वपूर्ण चरण कार्यक्रम सञ्चालनलाई मान्न सकिन्छ।यस कार्यलाई सफल पार्न सम्पूर्ण पक्षको संलग्नता तथा निर्धारित भूमिकाको निर्वाह आवश्यक पर्ने देखिन्छ।

(ग) **विषयवस्तुको छलफल तथा जिज्ञासाहरुको सम्बोधनः** कार्यक्रम सञ्चालनका समयमा उठेका विषयवस्तुसँग सम्बन्धित प्रश्न तथा जिज्ञासा लाई सम्बोधन गर्नु पर्दछ ।

(घ) **सुझाव तथा प्रतिक्रिया सङ्कलनः** कार्यक्रम सञ्चालनका अवस्थामा वा कार्यक्रम सम्पन्न हुनु लगत्तै सुझाव तथा प्रतिक्रियाको सङ्कलन गर्दा

---

(ख) कुनै विशेष कानून जस्तै "तेजाब तथा अन्य घातक रासायनिक पदार्थजन्य कसूर तथा तेजाबको नियमन सम्बन्धी कानूनी प्रावधान" को सम्बन्धमा कार्यक्रम सञ्चालन,

(ग) नयाँ तथा संशोधित कानूनी व्यवस्था, समसामहिक कानून वा कानूनी विषयहरुबारे सर्वशाधरणलाई जानकारी तथा अध्यावधिक गराउने सम्बन्धमा कार्यक्रम सञ्चालन।

कार्यक्रमको मूल्याङ्कनलाई सहज बनाउनका साथै तत्काल सुधार गर्नु पर्ने वा सुधार गर्न सकिने विषयलाई सम्बोधन गर्नु पर्दछ।

### ८.४.४ अनुगमन तथा मूल्याङ्कनको चरण

(क) **अनुगमनः** प्रक्रिया र नतिजाको अनुगमन गरी समग्र कार्यक्रमको अनुगमन गर्न उपयुक्त हुन्छ।

(ख) **मूल्याङ्कनः** कार्यक्रमको प्रभावकारिता, उद्देश्य तथा लक्ष्य प्राप्ति, सुझाव तथा प्रतिक्रिया आदिको आधारमा कार्यक्रमको मूल्याङ्कन गर्नु पर्दछ। कार्यक्रम सञ्चालन भए पश्चात कार्यक्रमले समाजमा पारेको प्रभाव, कार्यक्रम लाभदायी भए नभएको, लक्ष्य तथा उद्देश्यको प्राप्ति आदि विषयलाई विभिन्न माध्यमबाट मूल्याङ्कन गर्नु पर्दछ।

(ग) **प्रतिवेदन तयारी** : कानूनी सचेतना तथा कानूनी साक्षरताका कार्यक्रम सञ्चालन पश्चात विस्तृत प्रतिवेदन तयार गर्ने जिम्मेवारी सम्बन्धित कार्यक्रम सञ्चालक निकायको हुनेछ।[23]

"A democratic society depends upon informed and educated citizenry" अर्थात् एक लोकतान्त्रिक समाज सचेत र शिक्षित नागरिकमा निर्भर रहन्छ भन्ने थोमस जेफर्सनको भनाईले कानूनी सचेतना तथा कानूनी साक्षरताको महत्वलाई प्रकाश पारेको छ। नागरिकलाई सचेत बनाउँदै कानूनी व्यवस्था र प्रणालीको जानकारी गराउनका साथै नागरिकको हकहितको रक्षा एवम् कर्तव्यको पालनालाई विशेष जोड दिने हुँदा कानूनी सचेतना तथा कानूनी साक्षरता एक सभ्य समाजका प्रतिविम्व रहेका हुन्छन भन्ने कुरा सर्व स्वीकार्य रहेको छ।

कानूनी सचेतना तथा कानूनी साक्षरताको प्रवर्द्धनका लागि राज्यले यस विषयलाई आफ्नो महत्वपूर्ण दायित्वका रुपमा आत्मसात गर्नु पर्ने हुन्छ। त्यसका निमित्त आवश्यक पर्ने नीति, कानूनी व्यवस्था, संरचनागत व्यवस्था र स्रोत, साधनको उपलब्धता सुनिश्चित गर्ने जस्ता कदमहरु यस क्षेत्रको सुधार तथा पुनर्स्थापनाको लागि चालिने प्रथम कदम हुनेछन्।

कानूनी सचेतना तथा कानूनी साक्षरतालाई प्रभावकारी बनाउन तथा यसलाई थप विस्तार गर्न राज्यका निकायहरुसँग गैरसरकारी निकायहरुको समन्वय, सहकार्य तथा साझेदारी अपरिहार्य भएको हुनाले यस विषयमा थप गृहकार्य गर्दै व्यवस्थित रुपले समन्वय,

---

23 प्रतिवेदन तयार गरी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय तथा राष्ट्रिय कानूनी सहायता तथा कानूनी सचेतना समितिमा पेश गर्ने र सोको मुल्याङ्कन गरी प्रतिवेदनलाई भविष्यमा सञ्चालन हुने कानूनी सचेतना तथा कानूनी साक्षरताका कार्यक्रमको लागि आधारका रुपमा लिनु पर्दछ।

सहकार्य तथा साझेदारीको माध्यमबाट कानूनी सचेतना तथा कानूनी साक्षरताको यस अभियानलाई सार्थकता प्रदान गर्न सकिन्छ।

## ९. आयोगको सिफारिस

कानूनी सचेतना तथा कानूनी साक्षरता कार्यक्रम प्रवर्द्धन गर्न र यसलाई अझ बढी व्यवस्थित, नियमित, मर्यादित र प्रभावकारी बनाउन नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० को खण्ड (ढ) बमोजिम नेपाल कानून आयोगले नेपाल सरकार समक्ष देहाय बमोजिम हुन सिफारिस गरेको छः-

(क) कानूनी सचेतना तथा कानूनी साक्षरताको एकीकृत नीतिको निर्माण गर्ने तथा कानूनी सचेतना तथा साक्षरताको विषयलाई राष्ट्रिय नीतिको रुपमा विकास गरी त्यसलाई सम्बोधन गर्न आवश्यक कानून निर्माण गर्ने र कार्यान्वयनमा ल्याउने,

(ख) कानूनी सचेतना तथा कानूनी साक्षरता कार्यक्रमलाई संघ, प्रदेश र स्थानीय तहले अभियानको रुपमा नै निरन्तर रुपमा कार्यान्वयन गर्ने वा गराउने नीति अख्तियार गर्ने,

(ग) मौजुदा कानूनी सहायता सम्बन्धी ऐन, २०५४ बमोजिम व्यवस्था भएको केन्द्रीय कानूनी सहायता समितिलाई थप जिम्मेवारी दिई कानूनी सचेतना तथा कानूनी साक्षरता सम्बन्धी काम, कर्तव्य र अधिकार प्रदान गर्न र यसको नामाकरण "राष्ट्रिय कानूनी सहायता तथा कानूनी सचेतना समिति" गर्न सो ऐनमा आवश्यक संशोधन गर्ने,

(घ) नेपाल सरकारका विभिन्न निकायबाट हुँदै आएको कानूनी सचेतना तथा कानूनी साक्षरताका कार्यक्रमलाई एकद्वार प्रणाली मार्फत सञ्चालन गर्ने र सञ्चालित कार्यक्रमको अभिलेखिकरण गरी समान प्रकृतिका कार्यक्रम नदोहोरिने गरी व्यवस्था गर्ने,

(ङ) कानूनी सचेतना तथा कानूनी साक्षरता कार्यक्रम सञ्चालन गर्न माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीज्यूको अध्यक्षता रहने उल्लिखित राष्ट्रिय समितिका अतिरिक्त प्रदेश तथा स्थानीयस्तरमा आवश्यक संरचना बनाई त्यस्तो संरचनालाई आफ्नो तहबाट निर्माण भएको कानूनको सचेतना तथा साक्षरता कार्यक्रम सञ्चालन गर्न जिम्मेवार बनाउने,

(च) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले कानूनी सचेतना तथा कानूनी साक्षरताको कार्यक्रमका लागि प्रत्येक वर्ष निश्चित बजेट छुट्याउने र कानूनी

सचेतनाका कार्यक्रम आफै सम्पादन गर्ने वा कुनै संस्थालाई परिचालन गरी सम्पादन गराउने र विनियोजित बजेटको अपर्याप्तताले निम्त्याउने समस्यालाई सम्बोधन गर्नका लागि बजेट विनियोजन अघी नै आवश्यक अध्ययन गर्ने व्यवस्था मिलाई पर्याप्त बजेट विनियोजनलाई सुनिश्चित गर्ने,

(छ) कानूनी सचेतना तथा कानूनी साक्षरता कार्यक्रम सञ्चालनलाई विस्तार गर्न आवश्यक स्रोत, साधन, मानव स्रोत, प्राविधिक सहायताको उपलब्धतालाई सुनिश्चित गर्न र सचेतना कार्यक्रम सञ्चालन गर्न आवश्यक प्रशिक्षक दीक्षित गर्न संघ, प्रदेश र स्थानीय तह वीच सहकार्य, समन्वय तथा साझेदारीका माध्ययमहरुको अवलम्बन गर्ने,

(ज) कानूनी सहायता र कानूनी सचेतना तथा कानूनी साक्षरता कार्यक्रमको योजना, तयारी, कार्यान्वयन तथा मूल्याङ्कनको चरणमा सरोकारवालाहरुको सहभागितालाई सुनिश्चित गर्ने र यस प्रक्रियालाई सहभागितामूलक, पारदर्शी, प्रभावकारी तथा मितव्ययी बनाउने,

(झ) कानूनी सचेतना तथा कानूनी साक्षरता कार्यक्रम सञ्चालन गर्दा लक्षित क्षेत्र, वर्ग वा समुदाय पहिचान गरी वास्तविक आवश्यकता भएका क्षेत्र र वर्गमा केन्द्रित हुने तथा प्रभावकारी पद्दतिको छनौटलाई सहज बनाउन मापदण्डको निर्धारण गर्ने,

(ञ) कानूनी सचेतना तथा कानूनी साक्षरताका कार्यक्रमको अनुगमन तथा यसले समाजमा पारेको प्रभावको मूल्याङ्कन गर्ने संयन्त्रको विकास गर्ने,

(ट) प्रत्येक वर्ष कानूनी सचेतना तथा कानूनी साक्षरता सम्बन्धी कार्य भए वा गरेको विषयमा प्रतिवेदन तयार गर्ने र प्रतिवेदनलाई संघीय संसदको सम्बन्धित समितिमा पेश गर्ने व्यवस्था मिलाउने।

## <u>सन्दर्भ सामग्रीहरू</u>

१. नेपालको संविधान

२. एकीकृत कानूनी सहायता नीति, २०७६

३. मुलुकी अपराध संहिता, २०७४
४. मुलुकी देवानी संहिता, २०७४
५. कानूनी सहायता सम्बन्धी ऐन, २०५४
६. नेपाल कानून आयोग ऐन, २०६३
७. संस्था दर्ता ऐन, २०३३
८. कानूनी सहायता सम्बन्धी नियमावली, २०५५
९. सर्वोच्च अदालत नियमावली, २०७४
१०. Commission on Public Understanding About the Law 1989, American Bar Association
११. Conceptualizing Legal Culture and Legal Awareness: Meaning and Structural Components, Madina Kozhukhova and Miras Zhiyenbayev.
१२. Holistic Approach to Delivery of Legal Aid Services: Beginning from Community Responsive Legal Education and Professionalism, Nepal Law Journal.
१३. Reading the Legal World: Literacy and Justice in Canada 1992, Canadian Bar Association
१४. अन्य विविध सामग्रीहरू


समाप्त।